म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ४४ बुधवार २६ भदौ २०८१ ने. सं. ११४४ ञलाथ्व 11 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# अन्यौलताकै बीच उपमहानगरले बोलायो विशेष नगरसभा

भानुभक्त आचार्य

हेटौंडा, २५ भदौ/कर समायोजनको लागि माग गरिएको विशेष नगरसभा शुक्रबार मध्यान्ह २ बजे बोलाइएको छ । करिब एक साताअघि विशेष नगरसभाको मिति तोक्न बोलाइएको बैठक बहिस्कार भएको र कर घटाउन मिल्ने वा नमिल्ने भन्ने विषयमा छलफल नै नगरी भदौ २८ गते शुक्रबार नगर सभा बोलाइएको हो ।

चालु आव २०८१/०८२ को लागि जारी आर्थिक ऐनमार्फत् तय गरिएको करको दरमा व्यवसायीहरुले बिरोध जनाएपछि नेकपा एमालेसमर्थित हेटौंडा उपमहानगर पालिकाका बहुमत नगरसभा सदस्यहरुले नगरसभामार्फत् करको दर घटाउने उद्घोषसहित विशेष नगरसभा बोलाउन नगर प्रमुखसमक्ष माग गरेका थिए । सोही मागलाई सम्बोधन गर्ने सम्बन्धमा यसअघि बोलाइएको कार्यपालिका बैठक नेपाली काँग्रेस र नेकपा समाजवादीबाट निर्वाचित कार्यपालिका सदस्य अनुपस्थित भएपछि नगर प्रमुख मिनाकुमारी लामाले स्थगित गरेकी थिइन् । मंगलबार बोलाइएको नगर कार्यपालिकाको बैठकमा नेपाली काँग्रेस र नेकपा समाजवादीसमर्थित कार्यपालिका सदस्य उपस्थित भएपछि नगर प्रमुख लामाले विशेष नगर सभाको मिति तोकेकी हुन् ।

मंगलबारको कार्यपालिका बैठकमा विशेष नगरसभा बोलाउन माग गर्ने नेकपा एमालेसमर्थित कार्यपालिका सदस्य, नगर प्रमुख, उपप्रमुखसहित नेपाली काँग्रेस र नेकपा समाजवादीबीच विशेष नगर सभा बोलाउने र सो सभामा पेश गर्ने करको विषयमा अध्ययन गर्न कार्यदल बनाउने सहमतिसहित छलफल भएको हो ।

प्रदेशसभा भवन निर्माण गर्ने भनेर सुरु गरिएको सभाहलमा नै नगरसभा हुने भएको छ । यो सभाहलमा पहिलोपटक नगरसभा बस्दैछ । ७ असार २०८१ मा




सम्पन्न १५ औं नगरसभाबाट वृद्धि गरिएको राजश्व समायोजन गर्न मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघलगायतका वस्तुगत संघहरु, जिल्ला सहकारी संघसमेत साउनको अन्तिममा आन्दोलित बनेका थिए । आन्दोलनका कारण ३२ साउनमा उपमहानगर पालिका कार्यालयमा व्यवसायीका माग सम्बोधन गर्ने प्रतिबद्धतासहित ८ बुँदामा उपमहानगरले लिखित सहमति गरेको थियो । शुक्रबारका लागि आब्हान गरिएको विशेष नगर सभामा पेश गर्ने प्रस्तावहरु तयार गर्न उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा ५ सदस्यीय कार्यदल पनि बनाइएको नगर प्रवक्ता सविन न्यौपानेले बताएका छन् ।

कर समायोजन गर्ने प्रस्ताव विशेष नगरसभामा जानुपूर्व विभिन्न विषयगत समितिहरुमा छलफल भएर राजश्व परामर्श समितिहुँदै जानुपर्ने हुन्छ । तर, चौतर्फी अन्यौलताबीचमै नगरसभा बोलाइएको हो । विषयगत समितिहरुमा छलफल भएर राजश्व परामर्श समितिमा एजेण्डा आइपुग्दा करिब १ महिना समय लाग्ने बताइएको छ । तर, नगरसभाको मिति तोक्ने विषयमा नै सहमति हुन नसकेको अवस्थामा विशेष नगर सभा बोलाइएको हो । कर घटाउने वा नघटाउने भनेर पर्याप्त छलफल नगरी विशेष नगरसभा बोलाइएपछि ब्यवसायीको माग पूर्णरुपमा सम्बोधन हुने सम्भावना देखिएको छैन ।

यसअघि बृद्धि भएको करको दर साविकमा नल्याए ब्यवसायीले पुन आन्दोलनमा जाने तयारी गरेको उवासंघको प्रवक्ता एवम् उपाध्यक्ष उज्ज्वल चौलागाईले बताए । 'कर घटेन भने नगरले ब्यवसायीसँग गरेको सम्झौता कार्यान्वयन गरि एन भने पुन: बजार बन्द गरी आन्दोलन गरिने छ' संघका प्रवक्ता चौलागाईले भने । पूर्वसहमति अनुसार मकवानपुर उद्योग वाणिज्य संघलगायतका व्यावसायिक संघसंस्थाले उठाएका विषयमा आउने नगर सभाबाट सम्बोधन गर्ने प्रतिबद्धता उपमहानगरले गरेको थियो ।

यसअघिको सहमति अनुसार विशेष नगरसभा बोलाएर कर समायोजन गर्नुपर्ने दबाबमा नगर प्रमुख लामा छन् । व्यवसायीसँगको सहमति अगाडि उपमहानगर पालिकाले करको दर हेरफेर गर्न नसक्ने प्रष्ट पारेको थियो । तर, ३० साउनमा नेकपा एमालेका बहुमत नगरसभा सदस्यले नगरप्रमुख लामासमक्ष विशेष नगरसभाको माग गरेपछि उपमहानगरपालिका व्यवसायीसँग सहमति गर्न बाध्य भएको थियो । नगरसभाको बहुमत सदस्यले माग गरेपछि कानुनत: ३० दिनभित्र विशेष नगरसभा बोलाउनु पर्नेहुन्छ ।

३० भदौभित्र विशेष नगरसभा बोलाउनु पर्ने दबावमा रहेको नगरप्रमुख लामाले राजश्व परामर्श समितिका संयोजक समेत रहेका उपप्रमुखसहित कांग्रेसका वडाध्यक्षहरुसँग छलफल गरेर मात्रै एउटा निर्णयमा पुग्ने बताएकी थिइन् । करको विषयलाई राजनीतिक मुद्दा बनाएकोले यसमा नेपाली कांग्रेसका वडाअध्यक्षहरुले सर्वसम्मतिबाट पारित भएको आर्थिक ऐन संशोधन गर्नु कानूनत: अप्ठ्यारो हुने भन्दै सुरुदेखि नै बिमति राखेका थिए । करको विषयलाई राजनीति नगरी समस्याको हल गनुपर्छ भन्ने पक्षमा आवश्यक छलफल गरेर मात्रै अगाडि बढ्ने बताएको कांग्रेसका वडाअध्यक्षहरुले पर्याप्त छलफलको मौका नपाएको बताएको छन् ।

व्यवसायीले उपमहानगर सँग सबै शीर्षकमा वृद्धि गरिएको कर सत्प्रतिशत फिर्ता गरी पुरानै दर कायम गरिनु पर्ने, अवैज्ञानिक विज्ञापन कर खारेज गरिनु पर्ने, उपभोक्त समितिमार्फत हुने सबै प्रकारको विकास निर्माणको काम निर्माण व्यवसायीमार्फत् गरिनुपर्ने, होटल व्यवसाय रातको १२ वजेसम्म सेवा संचालनको प्रत्याभूत गरिनुपर्ने तथा पुन वैज्ञानिक वर्गीकरण गरि नुपर्ने, निर्माण व्यवसायीले विभिन्न समयमा काम गरी भुक्तान गरि सकिएको भ्याट रकम पुन: शीर्षक परिवर्तन गरी वक्यौता देखाइएको उपमहानगरको गल्ती तत्काल सच्याउनु पर्ने, घरबहाल कर वर्गिकरण गरी घरधनी स्वयम्ले भुक्तान गर्ने व्यवस्था मिलाउनु पर्ने माग राखेका थिए ।

# बागमतीका मुख्यमन्त्रीले भने, 'प्रहरीबिना सरकारको अर्थ हुँदैन'

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश मातहतमा प्रहरी प्रशासन सञ्चालनको जिम्मेवारी नआउँदा समस्या भएको बताएका छन् ।

हेटौंडामा फेडरलिजम एण्ड लोक्लाइजेसन सेन्टरको मंगलबार आयोजनामा भएको प्रदेश सरकार सञ्चालन अनुभव र संघीयता कार्यान्वनयको आरोह-अवरोह अन्तरक्रियालाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले प्रहरी प्रशासन बिनाको सरकारको अर्थ नभएको बताएका हुन् । 'सरकार छ तर, प्रहरी प्रशासन छैन भने त्यसको अर्थ हुँदैन,' उनले भने । प्रदेश सरकार प्रहरी समायोजनको मुद्दामा विगतदेखि नै संघीय सरकारसँग संघर्षमा छन् ।

लामो समयदेखि संघ र प्रदेश सरकारबीच प्रहरी समायोजन र निजामती कर्मचारी ऐनको विषयलाई लिएर समस्या सिर्जना भइरहेको छ ।



बागमती प्रदेशले प्रहरी समायोजनलाई ध्यानमा राखेर प्रहरी भवन र प्रहरी ऐनसमेत निर्माण गरिसकेको छ । तर, प्रहरी समायोजनको विषय नटुंगिँदा समस्या हुँदै आइरहेको छ । उनले संघीयता कार्यान्वयनको अवस्था समेत सहभागीलाई जानकारी गराएका थिए ।

मुख्यमन्त्री लामाले संघीयता लागू भएसँगै केही परि वर्तन भएको तर, जनताले चाहेजस्तो परिवर्तन भने नभएको दाबी गरे । 'जनताको आकांक्षा र इच्छा धेरै छ । त्यसको व्यवस्थापन गर्न अहिलकै साधन र स्रोतबाट गाह्रो छ ।,' उनले प्रदेश सरकारले संविधानमा व्यवस्था भएअनुसार एकल अधिकार सूचीका विषय पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको दाबी गरे । उनले प्रदेश सरकारले आवश्यक कानुन निर्माण गरिसकेको दाबी गरे । प्रदेशमा ऐन, कानुन ८० वटा बनाइसकेको उनको भनाई छ ।

तीन तहको सरकारबीच समन्वय गर्न आवश्यक कानुन निर्माण गर्न जरुरी रहेको भन्दै उनले अन्यथा विकास निर्माण गर्न नसकेको खण्डमा आमजनतामा निराशा पैदा हुने चुनौती रहेको बताए । कार्यक्रममा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने र प्रदेश नीति तथा योजना आयोग बागमतीका पूर्वउपाध्यक्ष समेत रहेका संघीयताविज्ञ अर्थात डा.खिमलाल देवकोटालगायतले प्रदेश सरकारको अवस्थाको विषयमा धारणा राखेका थिए ।

# स्कूलबाट फर्किंदै गरेकी बालिकाको बगाएर मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-८ सिम्पानीमा खहरे भेलले बगाएर १४ वर्षीया बालिकाको मृत्यु भएको छ ।

मंगलबार दिउँस निरन्तर परेको वर्षाले दाङसिङ खोल्सामा आएको भेलले स्थानीय र ञ्जिता गुरुङ र अर्का १७ वर्षीय बालकलाई बगाएको थियो । युनाइटेड बोर्डिङ स्कुलमा कक्षा ७ मा अध्ययनरत् गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । गुरुङ स्कूलबाट घर फर्किंदै गर्दा भेल तर्ने क्रममा बगाएको थियो ।

गुरुङको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको छ । भेलले बगाएको अर्का बालकको भने सकुशल उद्दार गरेर मनहरी बजारस्थित स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५१०३३३

साझाकुरा

## हाम्रो कुरा

# कृषि थोकबजारको उपयोग होस्

बागमती प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा निर्माण भएको प्रादेशिक कृषि थोकबजार सञ्चालनको तयारी अवस्थामा पुगेको छ । ९६ प्रतिशत भौतिक प्रगति भएको थोकबजारको कार्यविधि बनाएर सञ्चालनको तयारीमा प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय लागेको बताइएको छ । बागमती सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले थोकबजारको स्थलगत निरीक्षण गर्दै एक महिनाभित्र थोकबजार सञ्चालन गरिसक्न निर्देशन दिए । करोडौं रकम खर्चेर तयार गरिएको संरचना समयमै अधिकतम किसानको हितमा सञ्चालन हुनुपर्छ । एक हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङमा प्रादेशिक कृषि थोकबजार निर्माण भएको हो । सिन्धुलीका किसानले उत्पादन गरेको जुनार अबका दिनमा थानाभञ्याङमा थोकमा बिक्री हुनेछ । थाहानगरका किसानले उत्पादन गरेको बेमौसमी तरकारी थोकबजारमा पाइनुपर्छ । प्रदेश सरकारले किसानलाई थोकमा कृषिउत्पादन बिक्री गर्न सहज होस् भनेर निर्माण गरेको बजार अधिकतम रुपमा किसानको हितमा प्रयोग हुनैपर्छ ।

ठेक्का लिएको अनक/माउण्टेन जेभी काठमाडौंले भवन निर्माणको काम सकेर हस्तान्तरणको अन्तिम तयारीमा छ । हेटौंडा उपमहानगरले थोकबजार सञ्चालनका लागि उपमहानगर तयार रहेको बताएको छ । कार्यविधि बनेपछि उपमहानगरपालिकाले सञ्चालन गर्ने सम्भावना छ । थोकबजारले किसानले श्रमको उचित मूल्य पाउने र बिचौलियाको समस्या हल हुने विश्वास लिइएको छ । ३० करोड ८७ लाख ६२ हजार ७ सय ८७ रुपैयाँमा ठेक्का सम्झौता गरी काम सुरु गरिएको थियो । थोकबजार निर्माणको गत असारसम्म वित्तीय प्रगति ८६ प्रतिशत रहेको निर्देशनालयले जनाएको छ । निर्माण कम्पनीलाई २६ करोड ५५ लाख ३५ हजार ९ सय ९६ रुपैयाँ गत असारमै भुक्तानी भएर थप २ करोड भन्दा बढीको भुक्तानीको चरणमा रहेको निर्देशनालयले जानकारी दिएको छ । ९ जेठ २०७८ मा काम सुरु गरेको कम्पनीले जेठ २०८१ भित्र सम्पन्न गर्नुपर्ने सम्झौतामा थियो । ७ महिना म्याथ थप भएर ८ मंसिरसम्ममा काम सम्पन्न गरिसक्नु पर्नेछ । सडक कालोपत्रे र अन्य सामान्य काम मात्रै गर्न बाँकी रहेको निर्देशनालयले जानकारी दिएको छ । थोकबजारमा होलसेल मार्केट, रिटेलस मार्केट, किसानको टहरा, प्रशासनिक तथा क्यान्टिन, कोल्ड स्टोरेजलगायतका संरचना बनेका छन् । बजारको होलसेल मार्केटमा ४० वटा सटर र रिटेलस मार्केटमा २३ वटा सटर रहेको छ । भवनमा अण्डरग्राउण्ड पार्किङके पनि सुविधा छ । एउटै भवनमा दुईवटासम्म लिफ्ट रहेका छन् । माथिल्लो तलामा पनि सटर छ । भण्डारण, शीतभण्डार, प्याकिङ, ग्रेडिङ र प्रशोधन जस्ता कार्य यहाँबाट गर्न सकिने भएको छ ।

हाल १ नम्बर वडाको राप्तीतटमा थोकबजार छ । यसैलाई थोकबजारमा ल्याइने जनाइएको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा बागमती सरकारले थोकबजारका लागि ४ करोड विनियोजन गरेको छ । प्रदेश सरकारले ७०/३० को लगानी मोडलअनुसार दुई बिघा ४ धुर क्षेत्रफलमा तीनवर्ष लगाएर थोकबजार निर्माण गर्ने लक्ष्यसहित १४ भदौ २०७७ मा हेटौंडा उपमहानगरपालिकासँग सम्झौता गरेको हो । सम्झौताको एक वर्षपछि थोकबजार निर्माण थालिएको थियो । १८ असार २०७८ मा बागमतीका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल र उपमहानगरका मेयर हरिबहादुर महतले शिलान्यास गरेका थिए । बजार तयार भएर सञ्चालनको मुखैमा आइपुग्दा कार्यविधि भने बनेको छैन । बल्ल कार्यविधि बनाएर सञ्चालन मोडालिटी टुंग्याउने गृहकार्यमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय लागेको छ । थोकबजारको भौतिक संरचना तयार भएसँगै कार्यविधि निर्माणमा जुटेको मन्त्रालयले बताएको छ । भवन हस्तान्तरण हुनुअघि कार्यविधि बनाइसक्ने योजना हेरिरहेको मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २७ गते बिहीबार १२ सेप्टेम्बर २०२४ । नवमी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४८, सूर्यास्त ६:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आनन्दको महसुस हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मन चञ्चल हुनेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : मान-सम्मान बढ्नेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : धन लाभ हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : नबोली बस्दा राम्रो हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# 'जनयुद्ध' नामको बहसमा निकट विगतको सम्झना



✍ खिमलाल देवकोटा

'जनयुद्ध'का नाममा तत्कालीन नेकपा (माओवादी) ले नेपालमा चलाएको सशस्त्र विद्रोह अहिले २९ वर्ष पूरा गरेर ३० वर्षमा दौडिरहेको छ । 'जनयुद्ध' चलिरहँदा नेपालमा भर्खरै पुनर्स्थापित प्रजातन्त्र बहाल थियो । मुलुकमा राजा र प्रजा थिए । राजा संविधानभन्दा माथि थिए । ३० वर्षे पञ्चायती कालरात्रिबाट भर्खरै मुक्ति पाएर बहुदलीय शासन व्यवस्थाको आरम्भ भएको थियो । २०४६ सालको जनआन्दोलनपछि नेपालमा अब राजनैतिक रूपमा निकै ठूलो उपलब्धि हासिल भयो भन्ने एकाथरी र राजा संविधानभन्दा माथि रहेसम्म त्यो कुनै पनि बेला खोसिन सक्छ भन्ने अर्कोथरी थिए । दोस्रोथरीको मत थियो कि नागरिकको बल प्रयोगको माध्यमबाट राजतन्त्रको अन्त्य अनिवार्य छ ।

यो बहस आजको सन्दर्भमा 'जनयुद्ध'को महत्व र गरिमाका बारेमा पनि हुबहु मेल खान्छ । हिजो २०४७ सालको संविधानमा चित्त बुझाएको भए आज 'जनयुद्ध'का बारेमा यो ढंगले चर्चा हुँदैनथ्यो होला । बरु राजाका पाउमा दाम चढाएर चुनाव लड्ने टिकट पाइन्थ्यो होला, हैन भने गोलघरको बास वा स्वर्गको बास हुन्थ्यो होला । तर आज मुलुकमा 'जनयुद्ध' भयो र हामी यहाँ र यो बहसमा छौं । त्यसै बहसको केन्द्रमा रहेको 'जनयुद्ध'का बारेमा चर्चा गर्ने यस आलेखको मुख्य आशय रहेको छ ।

जनगणतन्त्र स्थापनाका लागि 'जनयुद्ध'को बाटोमा अघि बढौं भन्ने नाराका साथ २०५२ साल फागुन १ गते नेपालमा 'जनयुद्ध'को घोषणा भयो । त्यसो त तत्कालीन संयुक्त जनमोर्चाका तर्फबाट ४० बुँदे मागपत्र तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाउँदाका बखत फागुन ७ गते भित्रमा उक्त माग पूरा नभए हतियार उठाउन बाध्य हुने कुरा स्पष्ट गरिएकै थियो । तर त्यसलाई गम्भीरताका साथ लिनुको साटो उल्टो मजाकका रूपमा लिएका कारण माओवादीले फागुन ७ सम्म कुर्ने धैर्य पनि राखेन । फागुन १ गते नै विभिन्न ठाउँमा फौजी आक्रमण गर्‍यो । यसको प्रतिवादमा तत्कालीन सरकारले माओवादीलाई आतंककारी घोषणा गर्दै कडा रूपमा उत्रिने घोषणा गर्‍यो । उता माओवादी भने देशैभरका फौजी आक्रमणको जिम्मा लिँदै आफूहरू सदा वार्ताका लागि तयार भएको भन्ने विज्ञप्ति जारी गर्‍यो ।

कांग्रेसभित्रको अन्तरविरोधमा खेल्न सिपालु माओवादीले डोल्पाको दुनैमा आक्रमण गरेर गृहमन्त्रीलाई राजीनामा दिन बाध्य पार्दै संसदीय दलको नेता फेर्ने अक्किलमा लाग्यो । संसदीय दलको नेता बने लगत्तै देउवाले आतंककारी हैन, राजनैतिक आन्दोलन भन्दै युद्धविराम र वार्ताका लागि आह्वान गरे । संविधानसभाको माग बटमलाइन भएका कारणले वार्ता सार्थक हुन सकेन । तत्कालीन प्रधानमन्त्री देउवा भन्नुहुन्थ्यो, 'राजा भएको देशमा मैले संविधानसभा दिन सक्दिनँ, यो बाहेक सबै माग पूरा हुन्छ ।' माओवादीलाई सो कुरा मान्य भएन, 'जनयुद्ध' अघि बढ्यो ।

दरबार हत्याकाण्ड पश्चात् गद्दीनसीन हुन पुगेको ज्ञानेन्द्रको उन्माद छोइनसक्नु थियो । संसद् विघटन, दलमाथिको प्रतिबन्ध, सञ्चार माध्यम माथिको सेन्सरसिप, माओवादीलाई आततायी घोषणा, विदेशबाट हतियार भित्र्याएर माओवादी सखाप पार्ने धुनमा लाग्ने काम उनले सुरु गरेका थिए । राजाको निरंकुशताका विरुद्धको सुरक्षित छहारी संसद्वादीहरूको आन्दोलन थिएन, बरु माओवादी 'जनयुद्ध' भएको थियो । ज्ञानेन्द्रको प्रतिगमन विरुद्ध रत्नपार्कमा बदाम खाने आन्दोलनमा पुलिसको लाठी खाएपछि सकिने हालतमा पुगेको थियो ।

यसै मेसोमा जब १२ बुँदे समझदारीमा हस्ताक्षर भयो, तब माओवादीले फौजी र गैर माओवादीले शान्तिपूर्ण आन्दोलन गर्ने सम्झौता भयो । तर एकले अर्कालाई सघाउने समझदारी नै भयो । त्यतिबेला 'जनयुद्ध' सबैको संरक्षक बन्यो । तत्कालीन शीर्ष नेताहरू नै माओवादीको फौजी आक्रमण सफल हुँदा हौसिने र असफल हुँदा निराश हुने हदसम्मको अवस्था सामान्य बनेको थियो । त्यसो त राजतन्त्र विरुद्धको आन्दोलन बयलगाडा चढेर अमेरिका पुग्ने भने जस्तै हो भन्ने तर्क पनि नआएको होइन । त्यही प्रवृत्ति आजसम्म पनि 'जनयुद्ध'का विरुद्धमा छ भन्ने कुरा बुझ्न कठिन छैन ।

नक्कली राजतन्त्र मुर्दावादको नारा सहित युद्धमा फेरि फोसिएको माओवादीको संविधानसभा र गणतन्त्र अब बटमलाइन बन्न पुगे । दरबार हत्याकण्डपछि मूर्छाएको नेपाली राजनीति अब भने 'जनयुद्ध'ले उचाइ लिए हुन्थ्यो भन्नेतिर लम्कियो । शहरमा गैरमाओवादीहरू युद्धको मोर्चालाई सघाउने गरी आन्दोलन गर्ने, उता माओवादी फौजी आक्रमणको शृंखला बढाउने कामले तीव्रता लियो । यसो हुँदा ज्ञानेन्द्र सत्ता त्याग गर्न तयार भएका थिए । यसैबीचमा संसद् पुनर्स्थापनाको खेलोमेलो गरियो । पुनर्स्थापित संसद्मा नयाँ सभामुख सहित प्रधानमन्त्रीले दरबार बाट शपथ खाएर सत्ता सम्हाले । त्यस्तो अभ्यास 'जनयुद्ध'कारी माओवादीलाई मान्य थिएन ।

यिनै आरोह र अवरोहका बीचमा नेपालको शासन व्यवस्था सञ्चालित थियो । पञ्चायतको अवसान लगत्तै सत्तारोहण गर्न पुगेका संसद्वादी दलहरू नातावाद, कृपावाद र भ्रष्टाचारले बदनाम भएका भनेर र माओवादीलाई आतंककारी ठानेर ठेगान लगाउन सकिने विश्वासमा ज्ञानेन्द्र थिए । यसो गर्न सकियो भने ज्ञानेन्द्रको शासनले निरन्तरता पाउने आशामा उभिएका थिए । यतिबेला ज्ञानेन्द्रको शासनको पक्ष र विपक्षमा जनमत विभाजित थियो ।

ज्ञानेन्द्रको पक्षमा उभिने बाहेक अरू 'जनयुद्ध'को पक्षमा देखिन्थे । यति नै बेला देशभक्त र विदेशीको दलाल वा अराष्ट्रिय तत्वको पुरानो भाष्यका आधारमा पनि केही जनमत विभाजित थियो । दरबारभित्रको एक पक्षले माओवादीलाई देशभक्त र अरू दलहरूलाई विदेशीका दलाल भन्न पछि पर्दैनथे । यस हिसाबले पनि 'जनयुद्ध'को पक्ष र विपक्षमा जनमत सर्वत्र विभाजित नै थियो । अन्तरिम संविधान निर्माण गर्ने गरी मस्यौदा समितिले काम थालिसक्यो तर पुनर्स्थापित संसद्ले पुरानो संविधानका आधारमा कामलाई अघि बढाउँदै लग्यो । यसले पनि 'जनयुद्ध'का पक्ष र विपक्षमा जनमत बाँड्ने काम भयो । अन्तरिम संविधान जारी भएपछि अन्तरिम संसद्मा प्रतिनिधित्व गर्ने विषयमा माओवादीलाई स्वीकार्ने वा नस्वीकार्ने, अन्तरिम संविधान नै कसरी र कसले जारी भन्ने भन्ने विषयमा विवाद नभएको होइन ।

यहाँसम्म 'जनयुद्ध'को स्वीकारोक्तिले नै काम गरेको हो । माओवादी सेनाका लडाकुहरूलाई क्यान्टोनमेन्टमा नराख्ने हो भने नारायणहिटीमा बसेको राजाले जहिले पनि खेल्न सक्ने आशंका पटक-पटक गिरिजाप्रसाद व्यक्त गर्ने गर्नुहुन्थ्यो । त्यसैकारण गणतन्त्रको घोषणा माओवादी सेनाको उपस्थितिमा मात्रै सम्भव छ भन्ने गहिरो विश्वास गिरिजाप्रसाद कोइरालामा देखिन्थ्यो । उनको बुझाइका कारणले 'जनयुद्ध'ले वैधता प्राप्त गरेको पनि थियो ।

तर संविधान जारी गर्ने बेलामा गिरिजाप्रसादको देहान्त भइसकेको थियो । 'जनयुद्ध'ले त्यो उचाइ हासिल गर्न पाएन । तर गिरिजाप्रसादको जीवनकालमा नै तयार गरिएको संविधानसभाको संवैधानिक समितिले भने 'जनयुद्ध'को परिभाषा सहितको व्याख्यात्मक टिप्पणी तयार गरेको थियो जो अहिले पनि संविधानसभा सचिवालयको प्रकाशनमा अभिलेखमा सुरक्षित छ । जसमा भनिएको छ- 'संविधानमा ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्ष लेख्ने र व्याख्यात्मक टिप्पणीमा १९९७ सालदेखि २००७, २०२८, २०३६, २०४२, २०४६ हुँदै २०६२/६३ को जनआन्दोलन र माओवादी 'जनयुद्ध', मधेश आन्दोलन, जनजाति आन्दोलन र थरूहट आन्दोलन समेतलाई सम्झनुपर्नेछ' भन्ने उल्लेख गरिएको छ ।

पहिलो संविधानसभामा भएको उक्त सहमतिलाई दोस्रो संविधानसभाको पहिलो बैठकले हुबहु सहमति जनाउँदै सोको स्वामित्व लिइसकेको छ । तसर्थ, 'जनयुद्ध' संविधानसभाले पारित गरेको व्याख्यात्मक टिप्पणीको एक अंश भइसकेको छ । सोको विरुद्धमा जानु संविधान विरुद्ध जानु हुन्छ भन्ने कुरामा दम छ । 'जनयुद्ध'लाई 'जनयुद्ध' नभन्नु केवल पाखण्ड बाहेक केही होइन । माने पनि नमाने पनि 'जनयुद्ध' एक ऐतिहासिक परिघटना थियो । जसले एकात्मक राज्यलाई संघात्मक, राजतन्त्रलाई गणतन्त्र, हिन्दु अधिराज्यलाई धर्म निरपेक्षता र असमावेशी राज्यलाई समावेशितामा बदल्न मुख्य भूमिका खेल्यो ।

त्यसो त २०४६ सालको जनआन्दोलन पश्चात् दलमाथिको प्रतिबन्ध फुकुवा भएपछि सबैथोक प्राप्त गरियो भन्ने मनोविज्ञानले काम गरेकै थियो । राजाले झुकेर बहुदल दिए, यसको उपभोग गर्नुपर्छ, अब सधैं संघर्ष हैन, राजासँग मिलेर मात्रै शासनमा टिक्न सकिन्छ भन्ने भाष्य नेपाली राजनीतिमा बनिसकेको थियो ।

यही भाष्यका कारण राजाले दरबार बाट तयार गरेको संविधान जारी गर्ने प्रयत्न भएको थियो । राजाको अधिकारलाई पुनर्स्थापित गर्न राजदूत नियुक्ति लगायत कतिपय मामलाहरू राजाका स्वविवेकीय अधिकार हुन् भन्ने सर्वोच्च अदालतको फैसला आउन थालिसकेको थियो । तैपनि २०४६ सालको आन्दोलनको उपलब्धिलाई चित्त नबुझाएर अघि बढ्ने क्रान्तिकारिता तत्कालीन राजनीतिक दलहरूमा देखा नपरेको साँचो हो ।

संविधानभन्दा माथि राजा हुने व्यवस्था पनि लोकतन्त्र र त्यसै व्यवस्थालाई संस्थागत गर्ने संविधान संसारकै उत्कृष्ट भन्नेहरूको जमात नै बढी थियो । ती सबैका विरुद्ध धावा बोल्दै टाउकोमा कफन बाँधेर युद्ध मैदानमा होमिने काम माओवादीले मात्रै सक्थ्यो । केहीका लागि त्यो काम आतंककारी नै लाग्दथ्यो । माओवादीलाई भने त्यो 'जनयुद्ध' नै लाग्दथ्यो । आज त्यही 'जनयुद्ध' र आतंककारी ठानिएको माओवादी व्यवस्था परिवर्तनको मात्रै हैन, राजतन्त्र अन्त्यको प्रमुख कारण बन्न पुग्यो । सो कुरा तिनीहरूका निम्ति पच्ने कुरा थिएन । त्यसैको परिणाम अहिले 'जनयुद्ध' शब्दका बारेमा विवाद आउने गरेको छ ।

नेपाली राजनीतिमा विदेशी शक्तिको भूमिका आवश्यकता भन्दा बढी छ । उनीहरूले सबैभन्दा पहिला माओवादीलाई आतंककारी भने । आजका मितिसम्म पनि माओवादीका लागि विदेश यात्रा र प्रवेशाज्ञाका समस्याहरू छन् । तिनैको प्रभावमा हुर्केका, बढेका र संरक्षणमा रहेका जनहरूका लागि माओवादी आतंककारी नै थियो भन्नु उनीहरूको बाध्यता हो । किनकि उनका मालिकले 'जनयुद्ध'लाई 'जनयुद्ध' भनेको थिएन, छैन । भविष्यमा पनि भन्ने छैन ।

नेपाली जनताले भन्दैमा, मान्दैमा र 'जनयुद्ध'को फल खाँदैमा भन्नैपर्छ भन्ने के छ र ? भन्ने मान्यताले पनि काम गरेको होला भन्ने कुरा यतिबेला मानिदिनुपर्ने भएको छ । देशी र विदेशी ताकतहरूले भ्याएको भए यो धर्तीमा 'जनयुद्ध' मात्रै हैन माओवादीको नामोनिसान नामेट गर्ने थिए । तिनका ताकतले नसकेको परिणाम माओवादी अस्तित्वमा छ । अस्तित्वमा छ मात्रै हैन, उसैका प्रतापले अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बहाल छ । यही दस्तावेज माथि पनि पटक-पटक धावा बोल्न नखोजिएको हैन ।

फेरि पनि तिनका बर्कतले भ्याएन । अहिले यही संविधान ज्युँदैछ । बेलाबखत संशोधनको नाममा यसको प्राण हत्या गर्ने उद्योगको उद्घोष हुने गरेको छ । यस्तो परिवेशमा जसले जे देख्छ त्यही भन्छ । सत्य यही हो । परिवर्तनका विरोधीहरूले हरेक परिवर्तनलाई विनाश देख्छ । प्रतिगामीहरूले हरेक प्रतिगमनमा आफ्नो स्वर्ग देख्छ । आफूले देखेको भन्न पाउने स्वतन्त्रता पनि त्यही 'जनयुद्ध'ले स्थापित गरेको सत्य मध्येको एक हो । यो कुरा स्वीकार गर्दै 'जनयुद्ध' शब्दको भाव वा परिणामको रक्षा 'जनयुद्ध'का विरोधीबाट अपेक्षा गर्नु गलत हो । 'जनयुद्ध'का समर्थकहरूले नै 'जनयुद्ध' शब्दको भाव र परिणामको रक्षा गर्नुपर्छ । यही नै जनयुद्धकारीहरूका काँधमा इतिहासले सुम्पेको जिम्मेवारी हो र आजको आवश्यकता पनि हो ।

*(स्रोत: अनलाइनखबर)*

# सङ्कटमा देशको राजस्व सङ्कलन



✍ डिल्लीराम मिश्र "कलमजीवी"

फरक-फरक संरचनामा रहेका देशहरुले समाजवादी अर्थ व्यवस्थामा तद्सम्बन्धी वित्तीय संस्थाहरुलाई यसका आधारभूत खम्बाहरु मानिन्छन् । अझ भनौं मुलुकको आर्थिक संरचनालाई दिगोरुपमा आड-भरोसा दिन सक्ने यी औजारहरु हुन्, तर देशका यस्ता वित्तीय औजारहरुलाई टाट पल्टिने अवस्थामा पुर्‍याएर मुलुक्लाई परनिर्भरताको भूमरीमा राख्न आजका शासकहरु उद्यत् रहेका छन् ।

पञ्चायतकाल विशेष गरी श्री ५ महेन्द्रको शासनकाल २०१७-२०२८ सम्म देशमा स्थापना भएका कलकारखना, उद्योगधन्दा, सार्वजनिक एवम् सामाजिक प्रतिष्ठानहरुलाई नष्ट गर्ने काम यो ३५ बर्से शासनमा भएको छ । महान् चीनमा माओत्सेतुङको निधनपश्चात् चिनियाँ समाजवादी नेता देङसियागो पिङले चीनको नेतृत्व लिएका थिए । उनले चीनमा आर्थिक सुधारका कार्यक्रम शुरु गरे । चिनियाँ अर्थतन्त्रलाई विकेन्द्रीकृत गर्ने र देशलाई अन्तर्राष्ट्रिय व्यापारको लागि खुला गरे । उनले कृषि, उद्योग, विज्ञान-प्रविधि र राष्ट्रिय सुरक्षालाई आधुनिकीकरणका चार खम्बाका रुपमा अघि सारेका थिए, जुन कार्ययोजना नेपालमा यसअघि नै श्री ५ महेन्द्रद्वारा प्रारम्भ गरिएको थियो ।

मुलुकको अर्थतन्त्रमा सुधारको समेत एजेन्डा लिएर २०८१ असारमा नेका-एमालेको गठबन्धन सरकार गठन भए पनि चालू आवको पहिलो साउन महिनामा राजस्व सङ्कलन उत्साहप्रद देखिएन । नयाँ सरकार गठनसँगै देशमा राजनीतिक स्थिरता कायम हुने र देशको वित्तमा पनि सुधार हुने अपेक्षा सरकार पक्षले गरे पनि व्यवहार निराशाजन देखिएको छ । चालु आवको पहिलो महिनामा सरकारले एक खर्ब २० अर्ब ५१ करोड रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो, तर लक्ष्य २१.३८ प्रतिशत कम हुँदा सरकारले ९४ अर्ब ७४ करोड मात्र राजस्व सङ्कलन गरेको छ ।

यस आवको पहिलो महिनामा एउटा सकारात्मक सङ्केत लक्ष्यअनुसार राजस्व नउठे पनि खर्चभन्दा आम्दानी ५५ प्रतिशतले बचत भएको छ । यो ऋणात्मक गति विगत ४-५ वर्षदेखि यस्तै कायम रहँदै आएको थियो । यस्तै आव २०८०-०८१ मा पनि लक्ष्यभन्दा झन्डै ५ खर्ब रुपियाँ राजस्व कम उठेको छ । गत आवमा राजस्व सङ्कलन ७५.५६ प्रतिशत मात्र भयो भने खर्चको सीमा ८०.७५ प्रतिशतले ऋणात्मक हुन पुग्यो । सरकारले चालू आवको लागि १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रुपियाँ बराबर राजस्व उठाउने लक्ष्य लिएको छ । चालू आवको लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपियाँको बजेट विनियोजन गरिएको छ, जसमध्ये स्रोत नपुग हुने ५ खर्ब ४७ अर्ब ६७ करोड रुपियाँ वैदेशिक ऋण र आन्तरिक ऋणमार्फत जुटाउने सरकारको योजना रहेको छ । देशमा राजस्व सङ्कलनका लागि भन्सारको योगदान सबैभन्दा बढी छ ।

भन्सारबाट मात्र झन्डै ५० प्रतिशत राजस्व सङ्कलन हुने गर्दछ, तर राजस्व चुहावटको एउटा उल्लेखनीय पक्ष भन्सारमा हुने व्यापक चुहावट हो । यसमा सुधार हुनु अपरिहार्य छ । यस पाटोलाई सुधार नगर्ने हो भने देशले राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न असम्भवजस्तै छ । देशको राजस्व सङ्कलनमा अपेक्षित सुधार आउन नसक्नुमा बजेट निर्माण गर्दा दलालीहरुको दबाबमा करका दरहरुमा जथाभावी हेरफेर गर्नु हो । किनकि कमजोर आर्थिक गतिविधि रहँदासम्म राजस्व सङ्कलन चलायमान बन्न सक्दैन ।

मुलुकको राजस्व कम उठ्नुको कारण सरकारले विदेशी वित्तीय संस्थाहरुमार्फत ऋण लिएर राष्ट्रसेवकहरुको तलव खुवाउनुपर्ने एवम् चालू खर्च पनि त्यसैबाट आपूर्ति गर्नुपरेको अवस्था देशमा विद्यमान छ । एकातिर देशको अवस्था यस्तो छ भने अर्कोतिर देशका प्रधानमन्त्री पदभार ग्रहण गर्नासाथ हतार-हतारमा उद्योगपतिहरुसँग कमिसन खाएर बिजुलीको तिर्नुपर्ने पैसा तिर्नुपर्दैन भनेर उर्दी जारी गर्छन् । यस्तो नियत र चरित्रका प्रधानमन्त्री देशमा भएपछि कसरी राजस्व सङ्कलनमा सुधार हुन सक्छ ? देशभित्रका जो-कोहीले पनि बिजुली प्रयोग गरेको पैसा राष्ट्रलाई तिर्नुपर्ने सामान्य सिद्धान्त हो । मुलुकको राजस्वको रुपमा विद्युत् प्रयोग गरेबापत् ढुकुटीमा आउनुपर्ने बिजुलीको ८ अर्ब रुपियाँको बक्यौता गुम्न दिन हुँदैन र उठाउनुपर्छ भनिरहँदा उल्टै सञ्चालक समितिका सदस्यहरुलाई बर्खास्त गर्ने काम प्रधानमन्त्रीबाट गरिन्छ र अदालतबाट पुन: बहाली हुन्छ । यस्ता लहडी चरित्रका व्यक्ति देशको प्रधानमन्त्री भएपछि कसरी सम्भव छ मुलुकको विकास ? कुलमान घिसिङ नै एउटा त्यस्ता राष्ट्रसेवक हुन्, जसले आव २०७२-०७३ सम्म ३४ अर्ब ६१ करोड नोक्सानीमा रहेको नेपाल विद्युत् प्राधिकरणलाई उनको प्रवेशपछि नोक्सानी कटाएर ४७ अर्ब ४१ करोड रुपियाँ नाफामा पुर्‍याएका छन् ।

उनले २५ प्रतिशतमा रहेको विद्युत् चुहावटलाई नियन्त्रण गरी अहिले १२ प्रतिशतमा झार्न सफल भए भने १८ घण्टासम्मको लोडसेडिङ अन्त्यको सम्मान नगरौं ? नेपाल विद्युत् प्राधिकरणको प्रगतिबाट देशको राजस्व र करको प्रणालीमा समेत वृद्धि भएको छ । त्यसैले ठीक ठाउँमा उपयुक्त पात्रको चयन हुनुपर्छ भन्ने उदाहरण कुलमानलाई लिन सकिन्छ । हरेक वर्ष सरकारी खर्चमा भएको बेथितिकै कारण यस वर्षको असारमा पनि असार विकासको नाउँमा अर्बौं रुपियाँ समाप्त भएको छ । आर्थिक वर्षको अन्त्यतिर सरकारी निकायले नियमविपरीत रकमान्तर गरेर ठूलो रकम खर्च गर्ने बेथितिले आव २०८०-०८१ असारमा समेत निरन्तरता पायो । असारका २६ दिनमा एक खर्ब ७६ अर्ब २२ करोड रुपियाँ असारे भेलामा सकिएको छ । थोरैमा पनि ३, ४ महिना लगाएर उपयुक्त समयमा खर्च गर्नुपर्ने रकम २६ दिनमा सकिँदा त्यसबाट कर र राजस्वमा कति नोक्सान हुन पुग्यो, त्यसको कुनै सीमा र हिसाबकिताब भएन ।

नेपालका किसान वर्गको हितका लागि २०२६ सालमा स्थापना भएको दुग्ध विकास संस्थान एक सम्पन्न वित्तीय संस्था हो, तर यत्रो वित्तीय विरासत बोकेको किसानहरुका लागि वरदान साबित भएको डीडीसीजस्तो संस्था केही वर्षयता टाट पल्टिने अवस्थामा पुगेको छ । मुलुकमा योजनाहरु अनुसन्धानका बलमा हैन, परन्तु नेताहरुको चाकरी र लहडमा बन्छन् । एकाध व्यक्ति र प्रवृत्तिलाई छोड्ने हो भने योजनाहरु झोले राजनीतिक कार्यकर्ता कार्यान्वयन गर्ने थलो बनेका छन् । सरकारलाई यति धेरै राजस्व दिन सक्ने दुग्ध विकास संस्थान एउटा ताजा उदाहरण मात्र हो । सक्षम नेतृत्वको अभाव र चरम राजनीतीकरणले डीडीसी पछिल्लो आधा दशकयता निरन्तर घाटामा छ । नेपाल सरकारको पूर्ण स्वामित्वमा डीडीसीले मात्र दुग्ध किसानलाई मात्र एक अर्ब २७ करोड रुपियाँ भुक्तानी दिनुपर्ने छ । यस्तै राष्ट्रले सम्मान गर्नुपर्ने उखु किसानले भुक्तानी पाउनुपर्ने पैसा एक अर्ब ३० करोड रहेको छ । सरकार यी दुवै रकम दशैंअगाडि किसानलाई भुक्तानी गर्ने भाषण गर्छ, तर सरकारको नियत, व्यवहार र चरित्र अर्कै छ ।

जहाँसम्म आर्थिक अनुशासनहीनता बढ्छ र कायम रहन्छ, त्यहाँ चरमरुपमा मुलुकको बेरुजु बढ्ने गर्दछ । देशमा बेरुजु बढ्नु भनेको राजस्व सङ्कलन घट्नु हो । आर्थिक नियम, कानुन र मर्यादामा शासन प्रणाली चल्न नसक्दा बेरुजुले देशलाई आक्रान्त बनाएको छ । बेरुजु देशको कलङ्क पनि हो । अहिले देशमा पुग नपुग १४ खर्ब रुपियाँ बेरुजु कायम रहेको छ । यसलाई असुल गर्नेतर्फ सरकारको न त नीति छ, न त कार्ययोजना नै छ । देशमा रहेको बेरुजु मात्र असुल गर्ने हो भने झन्डै एक आर्थिक वर्षको बजेटको माग पूरा गर्न सकिन्छ । सरकार बेरुजुको निरुपण गर्नुभन्दा पनि प्रोत्साहित गर्नमै बढी उद्यत् देखिन्छ । देशको अर्थतन्त्र शिथिलतातिर जाँदा वैदेशिक व्यापार खुम्चिएको छ भने व्यापार घाटा १४ खर्ब रुपियाँभन्दा बढी छ, जसबाट राजस्व उठतीमा समेत ह्रास आएको छ ।

स्थानीय तहहरुमध्ये देशका महानगरपालिकाहरु विकासको दृष्टि, रोजगार र राजस्व सङ्कलनको आयामले पनि सम्पन्न मानिन्छन् । कानुनीरुपमा जहाँ आर्थिक अनुशासन कायम रहन्छ, त्यहाँ बेरुजु र भ्रष्टाचारको प्रसङ्ग टाढा रहन्छ ।

*क्रमशः पृष्ठ-३.....*

# एउटा जहाजको अवकाश

काठमाडौं/सरकारी होस् वा निजी जागिर, निश्चित अवधिपछि अवकाश हुनु सामान्य प्रक्रिया हो । यो नौलो विषय होइन । तर, आकाशमा उड्ने हवाईजहाजलाई पनि अवकाश दिइयो भन्दा अचम्म नमाने हुन्छ । मंगलबार नेपाली उड्डयन क्षेत्रमा भने यसअघि कहिल्यै नभएको एउटा यस्तो रमाइलो घटना भइदियो, जसले धेरैलाई अचम्भित बनायो ।

१६ वर्षदेखि अनवरत स्वदेशी तथा विदेशी यात्रुलाई गन्तव्य पुऱ्याइरहेको एउटा हवाईजहाजलाई मंगलबारदेखि सदाका लागि अवकाश दिइयो । यस्तो रमाइलो संयोग नेपालमै पहिलो पटक हुन पुगेको हो । एउटा जहाजको 'आयु' समाप्त भएपछि उसलाई अवकाश दिने काम निजी वायुसेवा कम्पनी बुद्ध एयरले गरेको हो ।



बुद्धले आफ्नो 'फ्लिट' मा रहेका ४७ सिट क्षमतायुक्त तीनथान 'एटीआर४२-३२०' जहाजमध्ये दर्ता नम्बर '९एन-एआईएन' लाई मंगलबार अवकाश दिएको हो ।

नेपाली उड्डयन इतिहासमै पहिलो पटक उडान आयु सकिएको भन्दै एउटा जहाजलाई सदाका लागि अवकाश दिइएको हो ।

**किन अवकाश दिइयो जहाजलाई ?**

अवकाशप्राप्त यो जहाजको निर्माता कम्पनी फ्रान्सको एटीआर हो । एटीआरको नियम अनुसार आफ्ना जहाजलाई ७० हजार 'साइकल' पूरा गरेपछि व्यावसायिक उडानमा प्रयोग गर्न पाइँदैन । एक साइकल भनेको एक उडान र एक अवतरण हो ।

यसको मतलब मंगलबार अवकाश पाएको जहाजले मंगलबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तिम उडान (७० हजार साइकल) का लागि माउन्टेन फ्लाइट गरेको थियो । बिहान विमानस्थलबाट उडेर माउन्टेन फ्लाइट सकेपछि यहीं अवतरण गरेको यो जहाजले अन्तिम साइक पूरा गरेको थियो । त्यसपछि यसको आयु समाप्त भएको थियो ।

यो जहाजले नेपालमा ४४ हजार ४ सय ७७ साइकल उडान गरेको थियो । सन् १९९७ मा उत्पादन भएपछि पहिलो उडान गरेको यो जहाज युरोपबाट सन् २००८ मा नेपाल ल्याइएको थियो । नेपालमा 'एटीआर परिवार' का रूपमा भित्रिएको यो पहिलो जहाज हो । यसले १६ वर्षमा १८ लाख यात्रु बोकेको थियो ।

अर्को रमाइलो पक्ष के हो भने एटीआर कम्पनीकै इतिहासमा पनि अवकाश पाउने यो पहिलो जहाज हो । किनभने, योभन्दा पुराना एटीआरकै जहाज पनि साइकल पूरा नहुँदै दुर्घटनामा परेका थिए भने धेरैजसो 'फेजआउट' (विस्थापन) भएका थिए ।

त्यसकारण पूरै आयु उडेर अवकाश पाउने यो पहिलो भाग्यमानी एटीआर जहाज हो ।

बुद्धका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेतका अनुसार यो जहाजले यस्तो रेकर्ड बनाएको छ, जसलाई विश्वमै पहिलो पटक एटीआर परिवारमध्ये ७० हजार उडान/अवतरण साइकल पूरा गरी सुरक्षित अवकाश दिइएको हो ।

बुद्धका बजार निर्देशक रुपेश जोशी संसारभरि उडिरहेका एटीआर जहाजमध्ये ७० हजार साइकल पूरा गरी नियमित व्यावसायिक उडानबाट बिदा हुनु सुखद संयोग रहेको बताउँछन् ।

उड्डयन नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणका उपप्रबन्धक ज्ञानेन्द्र भुलका अनुसार नेपालको आन्तरिक उडानमा ९० प्रतिशत जहाज दुर्घटनाका कारण फेजआउट भएका छन् ।

१० प्रतिशत जहाज साइकल बाँकी छँदै क्वाडीका रूपमा विदेशी कम्पनीलाई बिक्री गरी फेजआउट गरिएको विवरण छ । बुद्धको यो जहाज नै पूर्णसाइकल पूरा गरी अवकाशमा जाने पहिलो जहाज बनेको उनले बताए ।

जहाजले अवकाश पाउँदा दुई प्रकारको सन्देश जाने उनी बताउँछन् । एक त नेपाली आकास सुरक्षित छ, जहाँ एक जहाजले पूरै साइकल पूरा गरी बिदा हुन सम्भव छ र अर्को केही नेपाली वायुसेवा कम्पनीले थोरै रकमको लोभमा हवाई सुरक्षामा सम्झौता गर्दैनन् भन्ने सन्देश गएको छ ।

नियमित उडानमा रहेको जहाजलाई अवकाश दिँदा हवाई सुरक्षामा थप बलियो हुनुपर्छ भनेर अन्य वायुसेवा कम्पनीलाई समेत प्रेरित गरेको भुलको भनाइ छ । 'एउटै कानुनको छाताभित्र कुनै कम्पनीले १६ वर्ष निरन्तर जहाज चलाएर सुरक्षित अवकाश दिन्छ भने यो एक प्रेरणादायी विषय हो,' उपप्रबन्धक भुल भन्छन्, 'जहाज निर्माण गर्ने कम्पनीको गाइडलाइन पच्छ्याउँदा मात्र पनि उडान सुरक्षित हुन्छ भन्ने सन्देश यसले दिएको छ ।'

उनका अनुसार यो जहाज एटीआरको गाइडलाइन अनुसार अवकाशमा गएको हो । यो जहाजमा जडान भएका इन्जिन, ल्यान्डिङ गियर तथा अन्य पार्टपुर्जाको आफ्नो साइकल अनुसार पुन: प्रयोग हुन्छ । मेन बडी भने व्यावसायिक उडानमा लगाउन पाइँदैन । सोहीकारण यो जहाजले अवकाश पाएको हो ।

**के गरिन्छ यो जहाज ?**

बुद्धका अनुसार कम्पनीसँग अवकाश पाएकै जस्ता थप दुई जहाज सञ्चालनमा छन् । ती दुइटा जहाजलाई आवश्यक पार्टपुर्जा अवकाश पाएको यही जहाजबाट निकालेर प्रयोग गरिने छ । किनभने, आयु बाँकी रहेका पार्टपुर्जा पुनर्प्रयोग गर्न पाइने जहाज निर्माता एटीआरको गाइडलाइनमा उल्लेख छ ।

अब यो जहाजको बडी (जिउ) भने नागरिक उड्डयन प्राधिकरणलाई हस्तान्तरण गरिने छ । अवकाश प्राप्त जहाजको बडी प्राधिकरणले फायर फाइटिङ सर्भिस विभागलाई दिनेछ । जहाँ नयाँ आउने जनशक्तिलाई जहाजमा आगो लागेका बेला कसरी निभाउने भन्ने तालिम दिइने छ ।

हाल फायर फाइटिङ विभागसँग अर्को निजी कम्पनी यती एयरलाइन्सको जहाजको बडी छ । अब बुद्धको अवकाश प्राप्त जहाजलाई समेत सोही प्रयोजनमा प्रयोग गरिने छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'खुस्मा' ट्रेलर : धीरजको पखाईमा बसेकी उपासना

काठमाडौं/संविधान दिवसको दिन पारेर आगामी असोज ३ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'खुस्मा'को ट्रेलर सार्वजनिक गरिएको छ । फिल्मका प्रमुख अभिनेता धीरज मगरको जन्मदिनको अवसरमा मंगलबार काठमाडौंका एक कार्यक्रमबीच सार्वजनिक ट्रेलरमा प्रेम, विछोड र वियोगलाई प्राथमिकता दिइएको छ । सशस्त्र द्वन्द्वको छायाँमा अंकुराएको एक जोडीको प्रेमलाई ट्रेलरले देखाउँछ ।




सहरमा पढेर फर्किएकी अभिनेत्री उपासना सिंह ठकुरीको धीरजसँग माया बसेको छ । उपासनाको परिवारले अर्कै केटासँग विवाह गर्न खोजेपछि उनले धीरजसँग भागेर विवाह गर्छिन् । तर, आर्थिक समस्याले सशस्त्र युद्ध चर्किरहेको समयमा धीरज कमाउनका लागि विदेश जान्छन् । यसपछि बेपत्ता भएका श्रीमानलाई खोज्न उपासनाले गरेको सडक संघर्ष र पखाईलाई ट्रेलरले देखाएको छ ।

ट्रेलर सार्वजनिक कार्यक्रममा धीरज भावुक भएका थिए । आफूलाई साथ-सहयोग दिने व्यक्तिहरूलाई सम्झिने क्रममा उनी गहभरी भए । दुई वर्षको हुँदा तकसेरा गाउँबाट बेलायत गएको सम्झिँदै उनले आफ्नो जन्मथलो (तकसेरा)लाई चिनाउने इच्छा 'खुस्मा'बाट केही हदसम्म पूरा भएकोमा खुसी व्यक्त गरे । ट्रेलर रिलिजपछि फिल्मको टिमसँग उनले केक काटेर जन्मदिन पनि सेलिब्रेट गरे ।

अशोक थापा मगरको लेखन एवं निर्देशन रहेको फिल्ममा धीरज र उपासनासहित माओत्से गुरुङ, खड्कबहादुर पुन (खबपु), राज थापा काउचा, सुजता राई, विजय संयोक सुब्बा, राजु रेग्मी मगर, अस्तित्व भट्टचन, संगीता थापामगर, सारा राई, विवेश मगर, श्वेता मिश्र, दुईसाङ थिङ, अरुण पुन मगर लगायतले पनि अभिनय गरेका छन् । मगर समुदायको परिवेशमा फिल्म निर्माण भएको हो ।

फिल्मको निर्माताहरुमा वीर बहादुर लामा, चन्द्र बहादुर भट्टचन र बेतान मगर छन् भने सह-निर्माताहरु मान बहादुर धनाह मगर र सुस्मिता बुढाथोकी हुन् । मोहन राई कार्यकारी निर्मातामा छन् । गोविन्द शाहीले वितरण गर्न लागेको फिल्ममा दीपक बज्राचार्यको छायांकन, एसडी योगी र छान्जु पार्कको संगीत तथा सुरेन्द्र राना, राम अविरल विष्ट र निर्देशक थापा मगर स्वयंको शब्द रचना छ ।

# 'सानो संसार' ट्रेलरमा मध्यम वर्गीय परिवारको कठिनाई र संघर्ष

काठमाडौं/दशैंको छेको पारेर आगामी असोज ११ गतेदेखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'सानो संसार'को ट्रेलर सार्वजनिक गरिएको छ । करिब तीन मिनेट लामो ट्रेलरमा एउटा मध्यम वर्गीय परिवारले आर्थिक समस्याका कारण भोग्नुपरेको अभाव, कठिनाई र संघर्षलाई मर्मस्पर्शी रुपमा देखाइएको छ । वैदेशिक रोजगारीको बाध्यता, विवाहको दबाब जस्ता पक्षलाई पनि ट्रेलरले देखाउन खोजेको छ ।



सिद्धार्थ पुडासैनीको निर्देशनमा बनेको फिल्ममा सीतादेवी तिमिल्सेना (कलाकार केदार घिमिरे 'माग्ने बुढा'की श्रीमती), अनु दाहाल, राज पंगेनी शर्मा, अन्जसा रिजाल, शिशिर सिवाकोटी, सरिता भण्डारी, जीवन गौतम लगायतको अभिनय रहेको छ । निर्देशकदेखि कलाकार सबैको यो पहिलो फिल्म हो । 'सानो संसार'को निर्मातामा अर्जुन कुमार र कार्यकारी निर्मातामा माधव वाग्ले रहेका छन् ।

राजधानी मिडिया तथा प्रिन्सेस मुभिजको प्रस्तुतिमा तयार भएको फिल्ममा सरिष्मा खत्री र निर्देशक पुडासैनीको लेखन छ । यसमा प्रवीन खड्काको छायांकन, जनिम गरातराजको कलर, रोमी मोसेस तन्डुकारको सम्पादन तथा सुजैन खड्का र मनोज खड्काको नृत्य निर्देशन छ । दुई हप्ताअघि फिल्मको पहिलो गीत 'मगमग फूलबारी' सार्वजनिक गरिएको थियो, जुन दर्शकले रुचाएका छन् ।

# 'डिएनए'बाट डेब्यु गर्दै सुधन

काठमाडौं/चाँडै निर्माणको तयारीमा रहेको फिल्म 'डिएनए'बाट सुधन पोखरेलले अभिनेताको रुपमा डेब्यु गर्ने भएका छन् । मंगलबार उनलाई चित्रित गर्दै फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरमा सुधन अँध्यारो कोठाभित्र चम्किलो किरण फ्याँकिरहेको एक बाकसमा हेरिरहेका छन्, जहाँ पौराणिक वस्तु हुनसक्ने अनुमान गर्न सकिन्छ । रोयल भीमसेनले पोस्टर डिजाइन गरेका हुन् ।

आगामी फागुनबाट छायांकन सुरु गर्न लागिएको यो फिल्ममा सुधनबाहेक अरु कलाकार निश्चित भएका छैनन् । चानस पुन मगर र मणि रत्न त्रिपाठीको संयुक्त लेखन एवं निर्देशनमा बन्न लागेको फिल्मको निर्माता कुमार भास्कर हुन् । फोनिक फ्लिकको ब्यानरमा बन्न लागेको फिल्मको केही दिनमा टिजर पनि सार्वजनिक गरिँदैछ । फिल्मलाई पौराणिक कथाको 'मोर्डन एडप्टेसन' भनिएको छ ।

सुशान्त केसी र प्रशान्त योगीले छायांकन रहने फिल्ममा राजु तामाङको द्वन्द्व निर्देशन, मानस्वी मालाकारको संगीत, गणेश क्षेत्रीको सम्पादन, वर्षा क्षेत्रीको कस्ट्युम डिजाइन, सुदीप पाण्डेको रंग संयोजन, सुदिल धितालको साउन्ड डिजाइन र ट्राइडेन्ट कन्सेप्टको पब्लिसिटी डिजाइन रहनेछ । 'डिएनए'को एसोसियट निर्मातामा आशिष पुडासैनी तथा कार्यकारी निर्मातामा विकाश भण्डारी छन् ।

# लाइसेन्सको रसिदमै क्यूआर कोड र फोटो राख्ने निर्णय



काठमाडौं/प्रदेश सरकारहरूले अब सवारी चालक अनुमतिपत्र लाइसेन्सको छपाइ नहुँदासम्म कर तिरेको रसिदमै क्यूआर कोड र फोटोको राख्ने भएका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ अनुसार डाकेको विषयगत समितिको बैठकले यस्तो निर्णय गरेको हो ।

२० साउनमा सबै प्रदेशका यातायात मामिला हेर्ने मन्त्रीहरु सहभागी बैठकले लाइसेन्स छपाइमा भएको ढिलाइलाई ध्यानमा राखेर प्रदेशहरुले नै लाइसेन्स छाप्न तयारी थाल्ने र लाइसेन्स जारी गर्दा वा नवीकरण गर्दा उपलब्ध गराइने राजस्व तिरेको रसिदमै क्युआर कोड र लाइसेन्सबाहकको फोटो राख्ने निर्णय गरेको यातायात व्यवस्था विभागका निर्देशक तथा प्रवक्ता ईश्वरीदत्त पनेरुले जानकारी दिए । उनका अनुसार यो निर्णय प्रदेशका यातायात कार्यालयहरुले आफ्नो अनुकुलतामा क्रमश कार्यान्वयन गर्नेछन् ।

अहिले लाइसेन्स परीक्षा पास गरिसकेका २० लाख जनाको लाइसेन्स छाप्न बाँकी छ । कुनै लाइसेन्समा दुई वा सोभन्दा बढी वर्ग समावेश हुने भएकाले १७ लाख कार्डहरुमा लाइसेन्स प्रिन्ट गर्न बाँकी रहेको छ । अहिले दैनिक औसत ५ हजार वटा नयाँ लाइसेन्स जारी वा नवीकरण हुन्छन् ।

अहिले विभागले मेसिन र स्मार्ट कार्डको सफ्टवेयरको समस्या देखाएर विद्युतीय सवारी चालक अनमतिपत्र (स्मार्ट लाइसेन्स) नियमित छपाइ रोकिएको बताएको छ । संघ सरकारले लाइसेन्स छापिरहनु नेपालको संविधान २०७२ को अधिकार सूची र संघीयताको मर्मविपरीत भएकाले थप लाइसेन्स छपाइको काम काठमाडौंबाट नगर्ने पक्षमा विभाग छ । संविधानले राष्ट्रिय यातायात नीति बनाउने काम र अधिकार मात्रै संघ सरकारलाई दिएको छ । सवारी चालक अनुपति पत्रको परीक्षा लिने, सवारी साधनबाट कर उठाउनेजस्ता यातायातसंवद्ध अधिकार प्रदेश सरकारलाई मात्रै छ । २०७४ पछि यातायात व्यवस्था विभाग मातहतका तत्कालीन यातायात तथा लाइसेन्स कार्यालयहरु प्रदेश मातहत हस्तान्तरण भइसकेका छन् ।

प्रदेशका यातायात मन्त्रालयहरुले सेवा सहज बनाउन आआफ्ना प्रदेशमा यातायात तथा लाइसेन्स दिने कार्यालय समेत खोलिरहेका छन् । लाइसेन्सको लागि आवेदन लिने, लिखित परीक्षा सञ्चालन गर्ने, बायोमेट्रिक लिने, प्रयोगात्मक परीक्षा चलाउने र राजस्व तथा शुल्क लिने सबै काम अहिले प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुबाट भइरहेको छ ।

अहिले सात वटा प्रदेशका ३५ भन्दा बढी कार्यालयबाट जारी र नवीकरण हुने लाइसेन्स छाप्न काठमाडौंको मीनभवनस्थित विभागमा रहेको एउटा छापाखानामा भर पर्नुपर्ने अवस्था छ । विभागले पटक-पटक विभिन्न समस्या देखाएर लाइसेन्स छपाइ गर्न नसकेका कारण अहिले राष्ट्रिय परिचयपत्रबाटै लाइसेन्स हेर्न सकिने गरी प्रणाली अन्तरआवद्ध गर्ने तयारी पनि अन्तिम चरणमा पुगेको छ । यसका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र यातायात व्यवस्था विभागबीच समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ ।

अब ट्राफिक प्रहरीले हातमै उपलब्ध हुने डिभाइसबाट राष्ट्रिय परिचयपत्रमै लाइसेन्स चेक गर्न सक्ने व्यवस्था गर्ने सरकारी तयारी पनि छ । अझ रसिदमै क्युआर कोड राखिएपछि त्यही कोड स्क्यान गरेर ट्राफिक प्रहरीले लाइसेन्सको वैधता जाँच्न पाउनेछन् ।

*(स्रोत: अनलाइनखबर)*

# सङ्कटमा देशको राजस्व....

राजस्व सङ्कलन र उठतीले आफ्नो गतियात्रा दह्रो गरेको हुन्छ, तर दुःखको कुरा आव २०७९-०८० को एक वर्षमा देशका ६ वटै महानगर पालिकाहरुको बेरुजु एक अर्ब ७४ करोड ८३ लाख थपिएर १३ अर्ब ७ करोड ९६ लाख रुपियाँ पुगेको छ । सँीय सरकार मात्र हैन, स्थानीय सरकारमा समेत बेरुजु र भ्रष्टाचार व्याप्त छ । महानगरजस्ता संस्थामा यसरी बेरुजु बढ्न जानु अर्थतन्त्र र जनतामाथिको ठूलो बेइमानी हो । महालेखा नियन्त्रकजस्तो निकायले सँीय राजधानीसमेत रहेको देशको सबैभन्दा पुरानो काठमाडौं महानगर पालिकामा व्यापकरुपमा आर्थिक अनुशासनहीनता र बेथिति रहेको औंल्याएको छ । महालेखाको प्रतिवेदनअनुसार आव २०७९-०८० सम्म यस महानगरपालिकाको बेरुजु तीन अर्ब रुपियाँ रहेको छ । त्यसैले संघीयताका तीनै तहमा स्थिर सरकार, समाजवाद र दिगो विकास केवल नेताहरुका लागि भाषणको पुलिन्दा वनेका छन् । नेपालको सन्दर्भमा पूँजीवाद र समाजवादी जे रुप दिए पनि यी दुवै अर्थतन्त्र राष्ट्रको सम्पत्ति र प्राकृतिक स्रोतको व्यापक दोहन गर्ने शासन प्रणालीमा निर्भर छन् ।

एकताका शाही नेपाल वायुसेवा निगमले आफ्नो ख्याति र लोकप्रियताको विरासतलाई सगरमाथा जस्तै विश्वसामु परिचित गराएको थियो, तर आज यसको शान, मान, सम्मान र पहिचान सबै नराम्रोसँग गिरेको छ । अहिले नेपाल वायुसेवा निगमले चारवटा जहाज किन्न भनेर लिएको ३४ अर्ब रुपियाँको ऋण समयमा किस्ता नबुझाउँदा यसको आर्थिक दायित्व पढेर ४८ अर्ब रुपियाँ पुगेको छ । कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट लिएको ऋणको किस्ता भुक्तानीको लागि सम्झौता पालना नगरेको भन्दै महालेखा नियन्त्रक कार्यालयले प्रश्नै प्रश्न गरेको छ तापनि निगमको चेत अझै खुलेको देखिँदैन । यस प्रकारका घटनाक्रमबाट मुलुकको राजस्व सङ्कलन र उठतीमा प्रतिकूल अवसर परेको छ । देशका वित्तीय संस्थाहरुमध्ये निगम पनि सरकारलाई बढी राजस्व बुझाउने एक निकाय हो, जुन आज ऋणात्मक अवस्थामा सञ्चालित छ । यसलाई सुधार गर्नेतर्फ सरकारको अलिकति पनि चासो देखिँदैन । यी चारवटा जहाजमध्ये पनि वाइडबडी उडाउनै महँगो परेको र यसबाट उल्टो नोक्सानी मात्र सहनुपरेको छ भने न्यारोबडी नाफामा छ, तर सधैं ग्राउन्डेड मात्र भइरहन्छ । यसकारण जहाजलाई पूर्ण क्षमतामा उडान गर्न नसक्नु, इन्जिन बिग्रिँदा मर्मत गर्न र भाडामा लिन निगमको नेतृत्व पूर्णरुपमा असफल भएकोछ । यसमा सरकार केवल असफल साक्षीको भागेदारी बनेको छ ।

विश्व मानचित्रमा नेपालको व्यापार १७० मुलुकसँग भएको छ, जसमा १३४ मुलुकसँगको व्यापार घाटामा छ । सधैंको राजनीतिक अस्थिरताले गर्दा मुलुकको आर्थिक विकास ओझेलमा परेको छ भने औचित्यविहीन अवस्थामा रहेका प्रदेश सरकारहरुको औसत पूँजीगत खर्च पनि ६५ प्रतिशतभन्दा तलै रहेको छ । देशको पूँजी निर्माण गर्ने, भौतिक विकास गर्ने एवम् प्रभावकारी रुपमा रोजगारको वातावरण सिर्जनाद्वारा राजस्व सङ्कलनमा महत्वपूर्ण योगदान दिन सक्ने यस क्षेत्रको अवस्था पनि यस्तो छ । छिन्-छिन्मा सरकार परिवर्तन, मन्त्रालय र मन्त्रीहरुमा भागवण्डाको आधारमा सधैंको लुछाचुँडी भइरहँदा औसत समय झगडामा रुमलिन परेपछि संघ र प्रदेशहरुको खर्चसमेत प्रभावित भएको छ ।

समग्रमा देशको बजेटको आयव्ययको सकारात्मक सूचक त्यस देशको राजस्व क्षमताको मापनमा आधारित रहन्छ । त्यो देश जहाँ देशमा राजस्वको जग बलियो छ त्यहाँ आत्मनिर्भर शैलीमा ती देशले राम्रो प्रगति गर्न सकेका हजारौं उदाहरणहरु छन् । तर विडम्बना, आर्थिक वर्ष २०७१-०७२ देखि केही अपवादबाहेक नेपालको राजस्व सङ्कलन ओरालो गतिमा विकसित हुँदै गएको छ । यसको एकमात्र मूल कारण हो भिजन र कुनै दृष्टिकोण नभएको नेतृत्वको असफल सरकार । एकछिन्को लागि मानौं, शेरबहादुर देउवा २०५२ सालमा पहिलोपटक देशको प्रधानमन्त्री भए, अझ छैटौंपटक बन्ने तरखरमा छन् । यही अवधिमा संयुक्त राज्य अमेरिकामा त्यहाँदेखि यहाँसम्म कतिजना राष्ट्रपतिहरु फेरिए, तर उनीहरुका योगदानको साथै अवकाशपछि पनि आफ्नै कार्यमा सक्रिय रहँदै सार्वजनिक जीवनमा एक्लै हिँडडुल गर्छन् । यहाँ भन्न खोजेको के हो भने, एउटै अनुहार शेरबहादुर देउवा प्रधानमन्त्री भएर काल पर्खनु र समय बिताउन बाहेक उनीबाट देश र जनताको पक्षमा केही योगदान भएन । अहिले देशको विदेशी मुद्रा सञ्चिति बढेको छ । यसको कारण रेमिट्यान्समा निरन्तर वृद्धि, पर्यटन क्षेत्रमा सुधार एवम् आयातमा गिरावटले मुद्रा सञ्चितिमा प्रगति देखिएको छ, तर यो स्थायी स्वरुपको मापन हैन । विदेशी मुद्रा सञ्चिति हुन देशमा उत्पादन वृद्धि अपरिहार्य छ । सरकार मुद्रा सञ्चितिमा केही हदसम्म उत्साहित त भएको छ, तर उपयोगमा उदासीन छ ।

मुलुकको विदेशी मुद्रा सञ्चितिमा नयाँ अभिलेख बन्ने क्रम जारी रहँदा २०८१ सालसम्म २० खर्ब ४१ अर्ब रुपियाँ पुगेको छ । देशका विद्यमान आर्थिक सूचाङ्कहरु सकारात्मक बन्न नसक्नुको कारण अर्थतन्त्रमा सुधार हुन सकेको देखिँदैन । त्यसैले नेपालको सत्ता राजनीतिमा यो ३५ बर्से शासनसत्ताले के आधार ध्रुवसत्य बनाएको छ भने, शेरबहादुर देउवा र उनका समकालीन पुस्तासँग समाजलाई नेतृत्व दिने, देशको सपनासँग एकाकार हुने एवम् समयको संगीत सुन्ने र परिवर्तनका कदमहरु चाल्ने तथा देशलाई उन्नत अवस्थामा पुऱ्याउने क्षमता र सङ्कल्प उनीहरुमा शून्य छ ।

*(साभार: न्यूज अफ नेपाल)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# अवैध ढुंगा निकासी रोक्न गाउँपालिकालाई युवासंघको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ मकवानपुरगढी गाउँपालिकामा अवैधतवरले नदीजन्यपदार्थ (ढुंगा) ओसारपसार रोक्न राष्ट्रिय युवा संघ नेपालले ध्यानाकर्षण गराएको छ ।

गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तान र प्रमुख प्रशासकीय अधिकृत नवीन गङ्तान लामालाई युवा संघले ढुंगाको अवैध निकासी रोक्न ध्यानाकर्षण गराएको हो । मकवानपुरगढी गाउँपालिका-७ स्थित सुकौराबाट कर छलेर ढुंगा बाहिर निकासी भइरहेकोको विषयमा गाउँपालिकादेखि प्रशासनसम्मको मौनता देखिनु र दोषिलाई कारबाहीको दायरामा ल्याउन नसक्नुले कानुनी राज्यको उपहास भएको युवा संघका अध्यक्ष विष्णु सिलवालले बताए ।



युवा संघले प्राकृतिक स्रोतको स्टक प्रमाणित नगरी गैर कानुनी तवरले चोरी निकासी भएकोप्रति व्यवास्था गरिनुले राजश्व अपचलन भएको आशंका गरेको छ । २०८१ श्रावणयता मात्र कान्तिलोकपथ सडक निर्माणका लागि भन्दै टिपरमा एक हजार टिप भन्दा बढी निकासी भएको युवा संघको आरोप छ । घटनाको सत्यतथ्य छानबीन गरी राजश्व जम्मा हुनुपर्ने माग राखिएको अध्यक्ष सिलवालले बताए ।

यसअघि गतवर्ष २०८०/८१ को अन्तिममा सामरी खोलाअन्तर्गत मकवानपुरगढी गाउँपालिका-५ कालिवन, गढी-४ घट्टेदमार, गढी-६ ठुलोबेसी र गढी-२ कुर्लेदमारलगायतका क्षेत्रमा माछा पालनको नाममा उत्खन्न् गरिएको कच्चापदार्थको हिसावकिताब सार्वजनिक नभएकोप्रति पनि युवा संघले गाउँपालिका कार्यालयको ध्यानाकर्षण गराएको छ । कच्चापदार्थको राजश्व (आम्दानी) तत्काल सार्वजनिक गरिनुपर्ने सिलवालले बताए ।

प्राकृतिकस्रोत तथा अन्य क्षेत्रको राजश्व संकलन बोलपत्रको माध्यमबाट संकलनको माग राख्दै संघले अमानतबाट नदीजन्यपदार्थ संकलन गर्दा हुने आर्थिक अपचलनलाई पूर्णरुपमा निरुत्साहित गरिनुपर्ने माग राखेको छ । प्राकृतिक स्रोतसाधनको बिक्रीका नाममा जग्गाको मूल्यांकन तथा सबैखाले क्षेत्रमा भएको राजश्व बृद्धिले जनतामा ठुलो आर्थिक भार थपिएको संघको धारणा छ । करको दरलाई घटाएर जनतालाई सर्वसुलभ सेवाप्रवाह गरिनुपर्ने माग राखिएको अध्यक्ष सिलवालले बताए ।

संघले हालसम्म आर्थिक वर्ष २०८१/८२ को बजेट सार्वजनिक नगरेकोले तुरुन्त सार्वजनिक गर्न गाउँपालिकासँग माग गरेको छ । युवा संघले उठाएको माग सम्बोधनका लागि ७ दिनको अल्टिमेटम दिएको सिलवालले बताए । माग सम्बोधन नभए गाउँपालिका कार्यालयमा तालाबन्दी गर्नुपर्ने बाध्यता सिर्जना नगर्न ध्यानाकर्षण गराइएको उनले बताए ।

ज्ञापनपत्र बुझ्दै गाउँपालिका अध्यक्ष स्याङ्तानले युवा संघले उठाएका विषय र आफ्नो चिन्ता र चासो साझा रहेको प्रतिक्रिया दिए । उनले नदीजन्यपदार्थको अवैध ओसार पसार र चोरीनिकासी नियन्त्रण गरेरै छाड्ने बताउँदै यसअघि प्रयास गर्दा धम्कीको सामना गर्नुपरेको बताए । नदीजन्यपदार्थको अवैध ओसारपसारमा एउटा ठूलै माफिया सक्रिय रहेको उनले बताए । 'तपाईहरुको चिन्ता र चासोलाई सम्बोधन हुने गरी म काम गर्छु । जस्तोसुकै परिस्थिति आएता पनि यसको नियन्त्रण गरेरै छाड्छु ।' उनले भने ।

# नारी संरक्षण केन्द्रको साधारण सभा तथा सामाजिक परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/गत आर्थिक वर्षमा मकवानपुर र धादिङलाई कार्यक्षेत्र बनाएर काम गरेको हेटौंडाको नारी संरक्षण केन्द्रको २४ औं साधारणसभा तथा सामाजिक परीक्षण भएको छ ।

हेटौंडा उपमहानगर पालिका-४ स्थित आफ्नै सभाहलमा भएको केन्द्रको सभारणसभा तथा परीक्षणको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । कार्यक्रमको उद्घाटन गर्दै केन्द्रले बालसंरक्षण तथा अभिमुखीकरणमा खेलेको भूमिका महत्वपूर्ण रहेको बताइन् । गैरनाफामूलक सस्थाको रुपमा सामाजिक काममा लागेका संस्थाका कारण राज्यलाई पनि सहयोग पुग्ने बताइन् । उनले भनिन् 'राज्यले सबै क्षेत्रमा ध्यान दिन सक्ने अवस्था रहँदैन त्यो अवस्थामा गैरसरकारी संस्थाको भूमिका समाज परिवर्तनमा महत्वपूर्ण हुन्छ ।'

केन्द्रले २०८०/८१ मा दुइ जिल्लामा गरेका कामको बारेमा जानकारी दिएको थियो । एकवर्षभित्र गरेका कामको बारेमा संस्थाका कार्यक्रमसंयोजक जोरोम घलानले प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले प्रस्तुत गरेको प्रतिवेदन अनुसार २१ जना बालिकालाई संरक्षणमा राखेर अध्ययन गराइरहेको उल्लेख छ ।

केन्द्रका अध्यक्ष दीपाकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्रालयका महिला विकास अधिकृत चन्द्रकुमारी व्यन्जनकार, हेटौंडा उपमहानगपालिका सामाजिक विकास महशाखाप्रमुख भीमप्रसाद तिमल्सिना, माइती नेपालका कार्यक्रम संयोजक माया लामा, अधिकारकर्मी शर्मिला श्रेष्ठ, केन्द्रका उपाध्यक्ष भिष्मराज सापकोटा लगायतको आतिथ्यता रहेको थियो ।

२०५८ सालमा स्थापना भएको संस्थाले मकावनपुरका हेटौंडा उपमहानगरको बिभिन्न वडा र धादिङको रुबिभ्याली गाउँपालिकामा २०८०/८१ मा महिलाहिंसाबारे सचेतना, बालगृहसंचालन, सीपमुलक तालिम लगायत क्षेत्रमा काम गरेको बताइएको छ ।

# प्रदेश सरकारसँग समन्वय नगरी ३५ सय माइक्रो बस संचालनको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/जर्मन सहयोग नियोग (जीआईजेड) को अग्रसरतामा बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा ३५ सय साना माइक्रोबस सञ्चालन गर्ने तयारी भइरहेको परियोजनाबारे यातायात प्राधिकारलाई जानकारी नै नगराइएको खुलेको छ । सहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरणलाई जीआईजेडले यसबारे कुनै जानकारी नदिइ आफूखुशी काम गरिरहेको खुलेको हो । जीजीजीआई (ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युट) आपूखुशी गरिरहेको छ । जीआईजेडले ३५ सय विद्युतीय भ्यान तथा माइक्रोबस सञ्चालन गर्ने सम्बन्धमा कम्पनी सूचीकरणका लागि टेण्डर निकालिसकेको छ ।

अगस्ट २३ तारिखसम्म टेण्डरको समय थप गरिएकोमा हालसम्म टेण्डर थपको विवरण आएको छैन । आफूले वित्तीय लगानी गर्न लागेको माइक्रोबस कस्तो हुने भन्ने मापदण्ड आफैंले बनाएर जीआईजेडले टेण्डर गरेको हो । यसबारेमा सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरणलाई कुनै जानकारी नै गराइएको छैन ।

सरकारले सहरी क्षेत्रको यातायात व्यवस्थापन सहज बनाउनका लागि ऐन बनाउने प्रस्ताव गरेको थियो । प्रस्तावअनुसार मस्यौदा बनाएर संघीय संसदमा पेश गरेको र संसदले ऐन पारित गरेपछि २०७९ असोज ९ गते ऐन प्रमाणीकरण भएको थियो । ऐन प्रमाणीकरण भएको ३१ औं दिनदेखि लागु भइसकेको छ ।

३५ सय विद्युतीय भ्यान तथा माइक्रोबस बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा सञ्चालन गरिने परियोजनामा उल्लेख छ ।

जीजीजीआई र जीआईजेडले समग्रमा यो परियोजनामा ५ देखि ७ अर्ब रुपैयाँ अनुदान दिने अनुमान गरिएको छ । जीआईजेडले २०८० मंसिर पहिलो साता नेपालको सार्वजनिक यातायात क्षेत्रलाई विद्युतीकरण गर्न अध्ययनका लागि परामर्शदाता माग गरेको थियो । बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा विद्युतीय बस र ट्रक, माइक्रो र भ्यान, विद्युतीय रिक्सा चलाउने भनिएको थियो । कति रकम लगानी गर्ने र कुन मोडालिटीमा लगानी गर्ने भन्ने बाहिर आएको छैन ।

जीआईजेडले गृह मन्त्रालयलाई दबाबमा पारेर सार्वजनिक यातायातको भित्रि भागमा सीसीटीभी अनिवार्य रुपमा राख्नु पर्ने निर्णय गराइसकेको छ। नेपालको सार्वजनिक यातायातको अवस्था, सीसीटीभीको अपरेटिङ मोडालिटी, त्यसको लागत लगायत विषयमा कुनै छलफल नै नभइ निर्णय हुनु भनेको दातृ निकायको स्वार्थका लागि गरिदिएको निर्णय हो भन्ने प्रष्टै रहेको यातायात ब्यवसायी बताउँछन् । यातायात व्यवसायीले त्यसको विरोध गरिरहेका छन् ।

जीआइजेड र जीजीजीआईले नेपालका लागि दिगो विद्युतीय यातायातमा नेपाल सरकार र यहाँका सरोकारवाला यातायात व्यवसायीसँग सहकार्य गरिने कम्पनी छनोटका लागि बनाइएको आशयपत्रमा उल्लेख छ ।

# भेट्रान्स फुटबलमा हरिवन र निजगढको जित

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ हेटौंडामा जारी तेस्रो रोटरी मकवानपुर पिप्ले-क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताअन्तर्गत मंगलबार भएको खेलमा हरिवन भेट्रान्स सर्लाही र निजगढ भेट्रान्सले विजयी भएको छ ।

मंगलबार भएको पहिलो खेलमा घरेलु टिम हेटौंडा भेट्रान्सलाई ४-० को गोलअन्तरले पराजित गर्दै हरिवन भेट्रान्सले विजयी सुरुवात गरेको हो । दोस्रो खेलमा आयोजक रोटरी पिप्ले भेट्रान्सलाई ट्राइबेकरमा ३-१ को गोलअन्तरले पराजित गर्दै निजगढ भेट्रान्सले विजयी सुरुवात गरेको छ । निर्धारीत समय गोलर हित भएपछि टाइब्रेकरमार्फत् निर्णय लिइएको हो ।

प्रतियोगितामा निजगढ भेट्रान्सका गोलकिपर विकास लामा म्यान अफ द म्याच घोषित भए । प्रतियोगिता अन्तर्गत भदौ २६ गते बुधबार दिउँसो २ बजे युनिटी भेट्रान्स बीरगज र फ्रिडम फाईटर भेट्रान्स काठमाडौंबीच खेल हुनेछ भने दिउँसो ३:३० बजे अभिषेक चर्च भेट्रान्स नवलपुर र सिमरा भेट्रान्स बाराबीच हुने आयोजकले जनाएको छ । १५ टिमले सहभागिता जनाएको प्रतियोगिताको विजेताले २ लाख २ हजार २२२ रुपैयाँ र उपविजेताले एकलाख १ हजार १११ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

# अनलाइन बालसंरक्षणका लागि छुट्टै कानुन आवश्यक

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ हेटौंडामा आयोजित एक कार्यशालामा अधिकारकर्मीले अनलाइनबाट बालबालिकालाई हुने यौनशोषण र दुर्व्यवहार रोक्न विशेष कानुनको आवश्यकता औंल्याएका छन् ।

सिविन नेपालका केन्द्रीय कार्यालयका कार्यक्रमप्रबन्धक माधव लोहनीले हाल प्रचलित कानुनमा अनलाइन बालसंरक्षणको विषय समेटिएको नपाइएको जानकारी दिए । लोहनीले बालबालिकासँग सम्बन्धित ५० प्रतिशत मुद्दा कानुनी प्रक्रियामा नजाने गरेको जानकारी दिए । दक्ष जनशक्तिको अभाव, प्रहरीलाई अनलाइन शोषणबारे अपर्याप्त ज्ञान र पर्याप्त प्रमाणको कमीले गर्दा यस्तो अवस्था आएको उनको भनाइ छ ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, शिक्षक, बालगृह, बालमैत्री सहजकर्ता र सामुदायिक प्रहरीको उपस्थिति थियो । सहभागीले बालबालिकालाई समस्याबारे खुलेर बोल्ने वातावरण बनाउने, यौनशिक्षा दिने र अनलाइन सुरक्षाबारे जानकारी दिने विषयमा छलफल गरे । बालहेल्पलाइन मकवानपुरका प्रबन्धक झविन्द्र ज्ञवालीले अनलाइनमा बालसंरक्षण चुनौतीपूर्ण बन्दै गएको उल्लेख गरे ।

ज्ञवालीका अनुसार बालबालिकाले अनलाइनको फाइदा-बेफाइदा नबुझी विभिन्न वेबसाइटमा प्रवेश गर्ने, अभिभावक नयाँ प्रविधिबारे अनभिज्ञ हुने र सानै उमेरमा मोवाइल प्रयोग गर्न दिने जस्ता कारणले समस्या बढेको छ । सिविन नेपालले हेटौंडा उपमहानगरको १९ वटा वडाका २० विद्यालयलाई लक्षित गरी अनलाइन बालसंरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको छ । यसबाट बालबालिका समस्याबारे बोल्न सक्ने र सामाजिक सञ्जाल सुरक्षित रुपमा प्रयोग गर्न सिक्ने बताइएको छ ।

नेपालको विद्यालय शिक्षाको पाठ्यक्रममा अनलाइन बालसंरक्षणको विषय समावेश गर्न लागिएको जानकारी दिइएको छ । यसले बालबालिकालाई साइबर अपराध र सुरक्षाबारे पूर्ण जानकारी दिने र अनलाइन दुरुपयोग रोक्न मद्दत गर्ने आशा गरिएको छ । कार्यक्रम हेटौंडा उपमहानगरपालिकाको शिक्षाशाखा र बाल हेल्पलाइनको समन्वयमा भएको हो ।


## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनुस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नुस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhabahini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५


## १८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस संस्थाको स्वीकृत विनियम २०६३ को परिच्छेद ७ दफा ३० व्यवस्था भए अनुसार यस संस्थाको मिति ०८१/०४/१९ गते बसेको सञ्चालक समितिको वैठकको निर्णय अनुसार देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न यस संस्थाको १८ औं वार्षिक साधारण सभानिम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभा हुने :**

मिति : २०८१/०५/२९ गते शनिवार

समय : बिहान ८:०० बजे

स्थान : रोयल पार्टिप्यालेस, हेटौंडा ४

**छलफलका प्रस्तावहरु :**

१. साधारण सभाको वैधानिकता सम्बन्धमा ।
२. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
३. अध्यक्षको भनाई सहितको प्रतिवेदन सम्बन्धमा ।
४. वार्षिक प्रगति तथा नीति कार्यक्रम सहितको सचिवको प्रतिवेदन सम्बन्धमा ।
५. आर्थिक प्रतिवेदन तथा वार्षिक अनुमानित बजेट सहितको कोषध्यक्षको प्रतिवेदन सम्बन्धमा।
६. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
८. आर्थिक वर्ष ०८१/०८२ को साधारण सभा पुर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
९. आगामी आ.व. ०८२/०८३ को साधारण सभा पुर्वको पेश्की बजेट सम्बन्धमा ।
१०. लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११. शेयर लाभांश एवं संरक्षित पूंजी फिर्ता कोष वितरण सम्बन्धमा ।
१२. संस्था सञ्चालन आन्तरिक कार्यविधि पारित गर्ने सम्बन्धमा ।
१३. समितिको सेवा सुविधा निर्धारण सम्बन्धमा ।
१४. प्रतिनीधि चयन अख्तियारी सम्बन्धमा ।
१५. सहकारी एकीकरण सम्बन्धमा ।
१६. विविध ।

सिताराम दाहाल
(सचिव)

**हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, संगमचोक, मकवानपुर
सम्पर्क नं. ०५७-५२६५२१, ०५७-५९१५२१

## शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति : २०८१।०५।२६ गते*

उपरोक्त सम्बन्धमा यस विद्यालयमा नि.मा.वि तहको संघीय अनुदान कोटा शिक्षक संख्या १ रिक्त रहेकोले सो कोटामा शिक्षक पदपूर्ति गर्न राक्सिराङ्ग गा.पा.को च.नं. १९८ को मिति २०८१/०५/२३ को सिफारिस र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०५/१८ गतेको निर्णय अनुसार तपशिल बमोजिमको शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले निम्न योग्यता भएका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गर्नको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल:**

| | |
|---|---|
| विज्ञापन नं. | : ०१-२०८१/०८२ |
| तह | : नि.मा.वि (संघीय अनुदान कोटा) |
| विषय | : गणित |
| पद संख्या | : १ (एक) |
| उमेर | : १८ वर्ष पूरा भई ४० ननाघेको । |
| शैक्षिक योग्यता | : आई.एड. उत्तीर्ण वा सो सरह |
| तलब स्केल | : संघीय अनुदानको नियमानुसार |
| दरखास्त दस्तुर | : १५०० । (एक हजार पाँच सय मात्र) |
| परीक्षाको किसिम | : लिखित, मौखिक, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक |
| दरखास्त दिने अन्तिम मिति | : २०८१/०६/०९ गते बेलुका ४:०० बजेसम्म |
| सम्पर्क मिति | : २०८१/०६/१० गते बेलुका ४:०० बजेसम्म |
| परीक्षा हुने मिति | : सम्पर्क मितिमा तोकिने छ । |
| दरखास्त दिने स्थान | : श्री नवजीवन आधारभूत विद्यालय, राक्सिराङ-८, पाम्बुङ |

**आवश्यक कागजातहरु :**

क) नेपाली नागरिकताको प्रतिलिपि २ थान
ख) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि २ थान
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २ थान
घ) हस्तलिखित निवेदन १ थान

नारायण महतो
(प्रधानाध्यापक)

**श्री नवजीवन आधारभूत विद्यालय**
राक्सिराङ्ग गा.पा.-८, पाम्बुङ, मकवानपुर
सम्पर्क नं. : ९८४४०१८७९७(प्र.अ), ९७६५६८७०५७ (वि.व्य.स. अध्यक्ष)

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**Madan Bhandari Academy of Health Sciences**
*(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७३ अन्तर्गत स्थापित)*
हेटौंडा अस्पताल संचालन तथा व्यवस्थापन समिति २०७७

## सूचना ! सूचना ! सूचना !

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आइतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहाय**

१. E.H.S. ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S. ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजेदेखि ६:०० बजेसम्म
३. E.H.S. ओ.पि.डी. मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसुतिरोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नसा तथा हार्डजोर्नी रोग ओ.पि.डी.
- अन्य
  - भिडियो X-ray सेवा
  - प्याथोलोजी सेवा

३. E.H.S. ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन

**पुनश्च:** सार्वजनिक बिदाको दिनहरुमा E.H.S. ओ.पि.डी. सेवा संचालन हुने छैन ।






साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना